# संवत् २०७७ साल असोज ११ गते आइतवार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | विषय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) (पहिलो संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने। |
| २ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | क) Memorandum of Understanding between The Ministry of Agriculture and Livestock Development of The Government of Nepal and Mashav-Israel's Agency for International Development Cooperation, Ministry of Foreign Affairs of The State of Israel on Nepal-Israel Cooperation on Agriculture Center of Excellence स्वीकृत गर्ने।<br>ख) खण्ड (क) बमोजिमको सम्झौता (MoU) मा नेपाल सरकारको तर्फबाट हस्ताक्षर गर्न इजरायलका लागि नेपाली राजदूत डा. अन्जान शाक्यलाई अख्तियारी प्रदान गर्ने र यसको कार्यान्वयनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई जिम्मेवारी प्रदान गर्ने। |
| ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशकमा डा. दिपक कुमार भण्डारी S-5 (मुख्य वैज्ञानिक), रूपन्देहीलाई नियुक्त गर्ने। |
| ४ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | क) नेपाल बाल संगठनको परिसरमा रहेको आदर्श आधारभूत विद्यालय र केन्द्रीय बहिरा उच्च माध्यमिक विद्यालयलाई अन्यत्र उपयुक्त स्थानमा तत्काल स्थानान्तरण गर्ने व्यवस्था महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र नेपाल बाल संगठनसँगको समन्वयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्ने।<br>ख) मर्मत सम्भार तथा आवश्यकतानुसार नयाँ संरचनासमेत निर्माण गरी बालमन्दिर नक्सालमा रहेका बालबालिकाहरूको लागि सुरक्षित र उपयुक्त आवासको व्यवस्था नेपाल बाल संगठनले तत्काल मिलाउने । सो प्रयोजनको लागि अर्थ मन्त्रालयले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमार्फत रु. १,५०,०००००।- (अक्षरेपी एक करोड पचास लाख) नेपाल बाल संगठनलाई अनुदानस्वरुप उपलब्ध गराउने।<br>ग) नेपाल बाल संगठनको स्वामित्वमा रहेको जग्गा र सम्पत्ति (जिल्ला जिल्लाको समेत) को अद्यावधिक अभिलेख तयार गर्ने । सम्पूर्ण जग्गाको संरक्षण र विकास गरी बालबालिकाहरूको लागि आवास निर्माण तथा अन्य पूर्वाधार एवम् संरचना विकासको लागि गुरुयोजना महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँगको समन्वयमा नेपाल बाल संगठनले तयार गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पेश गर्ने। |
| ५ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७ वटै प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज संशोधन गर्ने। |
| ६ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| ७ | वन तथा वातवरण मन्त्रालय | नेपाल सरकार, मन्त्रिपरषद्‌को मिति २०७७/२/२८ को निर्णयबाट राष्ट्रिय वन क्षेत्रमा अनुचित रूपमा साललगायतका विभिन्न रुखहरू कटान, मुछान, सङ्कलन तथा ओसारपसार गरी वन विनास भएको भन्ने सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न गठित उच्चस्तरीय छानबिन समितिबाट प्राप्त प्रतिवेदनका सम्बन्धमा देहायबमोजिम गर्ने-<br>प्रतिवेदनले औंल्याएका विषयहरूको कार्यान्वयनका लागि मन्त्रालयस्तरबाट गरिनुपर्ने वा मन्त्रालयले समन्वय गरी विभिन्न निकाय वा संस्थाहरूबाट गरिनुपर्ने कार्यहरू मन्त्रिपरिषद्‌लाई जानकारी गराएर मन्त्रालयबाट गर्ने गराउने र मन्त्रिपरिषद्‌बाट गर्नुपर्ने विषयहरू मन्त्रिपरिषद्‌समक्ष पेश गर्ने व्यवस्था तत्काल गर्न प्राप्त प्रतिवेदन वन तथा वातावरण मन्त्रालयमा पठाउने। |